जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ४०, २०८२ जेठ १ गते विहीबार, 15 May 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

भोलीबाट कुलेखानी कलंकी हुमाने सडक १९ दिन बन्द हुने

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशको राजाधानी हेटौंडालाई संघीय राजधानी काठमाडौं जोड्ने छोटो मार्ग अन्तरगत कुलेखानीबाट कलंकी हुदै हुमाने सडकबाट काठमाडौं जाने बाटो १९ दिन बन्द हुने भएको छ ।

सडक स्तरोन्नति कार्यका लागि उक्त सडक खण्ड जेठ १ गतेदेखि १० गतेसम्म बन्द गरिने भएको हो ।

सडक पूर्वाधार विकास कार्यालयमार्फत स्तरोन्नतिको काम भइरहेको सडक बन्द गर्ने निर्णय भएको जिल्ला प्रशासन कार्यालय मकवानपुरले मंगलबार सूचना जारी गरी जनाएको छ । पूर्वाधार विकास कार्यालयको पत्राचार बमोजिम इन्द्रसरोवर गाउँपालिकास्थित कुलेखानी-कलंकी-हुमाने सडक खण्ड कालोपत्रे गर्नु पर्ने भएकोले १९ दिन बन्द गरिने भएको हो ।

उक्त सडक खण्डमा सवारी आवागमन पूर्णरूपमा बन्द हुने भएकोले सो अवधिमा हेटौंडा-काठमाडौं आवतजावतका लागि वैकल्पिक मार्गको रूपमा कान्तिलोकपथ वा कुलेखानी-सिस्नेरी-फर्पिङ सडक प्रयोग गर्न प्रशासन कार्यालयले आग्रह गरेको छ ।

दुई सस्था मर्ज गरेर मेघा विद्यालय

○ नविन रेवती

मकवानपुर । २०४७ सालदेखि भुटनदेवी माविमा अध्यापन गर्दै आएका दाहालले जब २०६७ देखि प्रधानाध्यापकको नेतृत्व सम्हाले, त्यसयता विद्यालयले पुराने लय समातेको छ ।

'२०६२ सालपछि विद्यालयको अवस्था बिग्रियो । विद्यार्थी संख्या घट्दै गएर सञ्चालनमै कठिनाइ भयो' दाहालले भने, 'विद्यार्थी संख्या ५०० मा झर्‍यो । म नेतृत्वमा आएपछि प्राविधिक धारको शिक्षा सुरू गर्‍यौं ।'

विद्यालयमा अप्ठेरो परिस्थिति आउनुको प्रमुख कारण, खस्किएको शिक्षाको गुणस्तर र व्यवस्थापकीय कमजोरी रहेको प्रधानाध्यापक दाहाल बताउँछन् । 'विद्यालयलाई प्राविधिक धारमा लगेर गुणस्तर वृद्धिमा जोड दिएपछि भुटनदेवीले पछाडि फर्किएर हेर्नु परेको छैन', उनले भने । विद्यालयमा हरेक वर्ष विद्यार्थी थपिँदै २०८१ सम्म आइपुग्दा थामि नसक्नुभएको उनले बताए ।

२०७५ मा १ हजार २१ विद्यार्थी रहेको भुटनदेवी माविमा २०७७ मा १ हजार ३३८, २०७९ मा १ हजार ७२५ र २०८० सालमा २ हजार २६८ विद्यार्थी पुगे । शैक्षिक सत्र २०८१ मा आइपुग्दा यस विद्यालयमा कुल २ हजार ४५९ जना विद्यार्थी पुगे । 'विद्यार्थी हरेक वर्ष बढिरहेका छन्, यही भौतिक संरचनाले आगामी वर्षदेखि पढाउने समस्या हुन्छ', हेटौंडा उपमहानगर पालिका ४ का वडाध्यक्ष समेत रहेका विद्यालय व्यवस्थापन समिति अध्यक्ष नवीन सिग्देल भन्छन् ।

सिभिल इन्जिनियरिङ विषयको अध्यापनबाट १२ वर्षको अवधिमा ३६३ जना विद्यार्थी जनशक्ति (सव इन्जिनियर) उत्पादन भएको प्रधानाध्यापक दाहाल बताउँछन् ।

साधारण, प्राविधिक धार, अंग्रेजी तथा नेपाली माध्यमका कक्षाहरुले यस विद्यालयलाई विद्यार्थीको रोजाइमा राखेको सिग्देल बताउँछन् । भौतिक पूर्वाधार अभावले प्रत्येक वर्ष भर्ना हुन चाहने करिब १ हजार ४०० विद्यार्थीमध्ये धेरैलाई समेट्न नसकिएको सिग्देलले सुनाए ।

भुटनदेवीमा तराईका सलाहीदेखि बारा, पर्सा र रौतहटसम्मका विद्यार्थी अध्ययनरत छन् । बाहिरबाट आएका विद्यार्थीले कोठा भाडामा लिएर पढ्ने गरेको विद्यालयले जनाएको छ ।



जिल्लाकै अग्रणी सामुदायिक विद्यालयको पहिचान बनाएको भुटनदेवी मावि हेटौंडा उपमहानगरको मुख्य बजार क्षेत्र अर्थात् ४ नम्बर वडामा रहेको छ । विभिन्न कालखण्डमा भुटनदेवी माविले नेपालकै सामुदायिक शिक्षालाई महत्वपूर्ण योगदान गरेको थियो ।

भुटनदेवीले यतिबेला इन्जिनियर उत्पादन गरिरहेको छ । विद्यालयले २०७० सालबाट जिल्लामै पहिलो पटक कक्षा ९-१२ मा प्राविधिक धारतर्फ सिभिल इन्जिनियरिङ विषयको पढाइ शुरू गरेको हो । यसअघि ९ र १० कक्षामा इन्जिनियरिङ विषय पढेपछि यसलाई निरन्तरता दिन विद्यार्थीलाई बाहिर जानुपर्ने बाध्यता थियो ।

विद्यालयले २०७६ सालदेखि व्यावसायिक सीप विकास तालिम केन्द्र (सीटीईभीटी) अन्तर्गत तीन वर्षे डिप्लोमा इन सिभिल इन्जिनियरिङ विषयको पढाइ पनि शुरु गर्‍यो । अहिले सीटीईभीटी मार्फत डिप्लोमा अन्तर्गत बिल्डिङ कन्स्ट्रक्सनको पनि अध्यापन भइरहेको छ ।

यसबाहेक यहाँ २०८० सालदेखि इनसियोर परियोजना अन्तर्गत २४ महिने औद्योगिक प्रशिक्षार्थी कार्यक्रम सञ्चालन भएको विद्यालयका प्रधानाध्यापक दाहालले जानकारी दिए । विद्यालयले २०८१ बाट २४ महिने बालविकास सहजकर्ता प्रशिक्षक तयारी कार्यक्रम पनि सञ्चालनमा ल्याएको छ ।

सिभिल इन्जिनियरिङ विषयको अध्यापनबाट १२ वर्षको अवधिमा ३६३ जना विद्यार्थी जनशक्ति (सव इन्जिनियर) उत्पादन भएको प्रधानाध्यापक दाहाल बताउँछन् ।

विद्यालयले हरेक वर्ष ४८ जनाको सिट संख्यामा सिभिल इन्जिनियरिङ विषय पढाउँदै आइरहेको हो । जसमध्ये कतिपय विद्यार्थी सरकारी सेवामा प्रवेश गरे भने कतिपयले आफ्नै कन्सल्टेन्सी खोलेर वा निजी कम्पनीमा काम गरिरहेको उनले बताए । १० जना विद्यार्थीले प्रदेश र स्थानीय तहमा स्थायी नियुक्ति लिएको उनको भनाइ छ । विद्यालयले उत्पादन गरेका जनशक्ति हेटौंडा उपमहानगरमा सव इन्जिनियरका रुपमा कार्यरत छन् ।

हेटौंडा उपमहानगरपालिकामा प्रतिमा आचार्य र सुजल मिश्र स्थायी जागिरे भएका छन् । बकैया गाउँपालिकामा रितिका अर्याल छिन् । आभाष पौडेलले विद्यालयकै सामुन्ने आफ्नै कन्सल्टेन्सी सञ्चालन गरेका छन् । थाहा नगरपालिका घर भएका कौशल नेगीले पढाइ सकेपछि हेटौंडा उपमहानगरमा करारमा जागिर खाइरहेको विद्यालयको प्राविधिक शिक्षालय शाखाले जानकारी दिएको छ । पहिलो ब्याचका दुई जना अबिन्द्र थापा र गुज्जिता दाहालले विद्यालयमै सहप्रशिक्षकको रुपमा पढाउँदै आएका छन् ।

उपमहानगरकी प्राविधिक आचार्यले भुटनदेवीकै कारण सरकारी सेवामा प्राविधिकतर्फबाट प्रवेश पाएकोमा खुशी देखिइन् । 'प्राविधिक विषय पढ्ने मेरो रूचि नै थियो । तर भुटनदेवीमा नै पढ्न पाएकाले मेरो रूचिले सफलता पायो । घरमै बसेर पढ्न पाएँ । लोकसेवामा पनि सजिलै नाम निस्किय्यो', आचार्यले सुनाइन् ।

हेटौंडा उपमहानगरकी प्रमुख मीनाकुमारी लामाले भुटनदेवी स्कूल उपमहानगरकै शान रहेको बताइन् । 'त्यहाँ उत्पादन भएका जनशक्तिबाट उपमहानगरलाई ठूलो सहयोग पनि भएको छ । दक्ष प्राविधिकहरु हामीले पाएका छौं', लामा भन्छिन् । प्राविधिक विषय अध्ययन गरिरहेका विद्यार्थीलाई उपमहानगरले प्रत्यक्ष/अप्रत्यक्ष सहयोग पुर्‍याइरहेको उनले बताइन् । विद्यालयको समग्र विकास र विद्यार्थीको अभिवृद्धिमा उपमहानगरले हातेमालो गरिरहेको उनको भनाइ छ ।

भुटनदेवीले २०७१ सालदेखि अंग्रेजी माध्यमबाट कक्षा १ देखि १० सम्म पठनपाठन गर्दै आएको छ । कक्षा ४ देखि कक्षा १० सम्म कम्प्युटर विषयको पढाइ हुने गरेको छ । भुटनदेवी

विद्यालय २०१६ सालमा प्राथमिक तहको विद्यालयको रुपमा स्थापना भएको थियो । प्रारम्भमा निम्नमाध्यमिक हुँदै माध्यमिक

बाँकी पेज ३ मा

रैथाने बाली अनुदानले फर्कायो किसान, बढायो आम्दानी

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरगढी गाउँपालिका ८ का बालनन्द तिमल्सिनाको जग्गामा विगतमा फापर राम्रो उत्पादन हुन्थ्यो । स्वास्थ्यका दृष्टिकोणले लाभदायक भए पनि उनले बिक्रीमा उचित मूल्य पाएनन् ।

बिहान-बेलुका मुख जोर्नकै लागि मुरी किन चाहियो भन्ने सोचले उनले मुरीमा उत्पादन हुने फापर पाथीमा झर्न बाध्य भए । बर्खाको झरीले भिजेको र घामले राँपिएको रातो चिम्टे माटोमा कोदाली मच्चाउँदै वडा नम्बर ४ का यदुनाथ (शिव) चौलागाईं पनि बर्खामा १/४ मुरी कोदो फलाउँथे । तर, कोदो बेच्न घण्टौं जंगलको बाटो हिँडेर हेटौंडा ६ चौघडा पुग्नुपर्थ्यो । त्यसबापत उनले प्रतिकिलो १५-२० रूपैयाँ मात्रै पाउँथे । मिहिनेतको उचित मूल्य नपाउँदा उनले कोदो खेती नै छाडे । अनि सवारी चालक बने । त्यसपछि उनको बारी बाँझै बस्यो ।

आर्थिक वर्ष २०७७/७८ मा गाउँपालिकाले कृषि विकास कार्यक्रमअन्तर्गत रैथाने बाली खरिद-बिक्री अनुदान कार्यक्रम सहकारीमार्फत कार्यान्वयनमा ल्यायो । त्यही वर्ष पालिकाले पहिलोपटक कोदोको मूल्य प्रतिकिलो ४२ रूपैयाँ, मिठो फापरको ६० रूपैयाँ र तितो फापरको ७० रूपैयाँ न्यूनतम समर्थन मूल्य तोकेको थियो ।

रैथाने बालीअन्तर्गत कोदो र फापर उत्पादनमा प्रोत्साहन स्वरूप किसानलाई प्रतिकिलो २ रूपैयाँ र सहकारीलाई २ रूपैयाँ अनुदान दिने भयो । उक्त जानकारी पाएपछि ती किसानहरू पुन: मुरी उत्पादनतर्फ फर्किए । सधैं १२-१५ पाथी फलाउँदै आएका तिमल्सिनाले त्यस वर्ष झन्डै २ क्विन्टल

बाँकी पेज ५ मा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस

सम्पादकीय

सुख्खा याम र सुरक्षा सवाल

बसन्त ऋतुको आगमनसँगै प्रकृतिको सौन्दर्यमा निखार आउँछ, तर यही समय सुख्खा मौसमको प्रारम्भ पनि हो। सुख्खा मौसम आफैमा अनेकौं चुनौती र जोखिमहरु लिएर आउँछ। यस्तो अवस्थामा सुरक्षाका उपायहरु अवलम्बन गर्नु प्रत्येक नागरिकको कर्तव्य र समाजको आवश्यकता बन्न जान्छ। विशेष गरी हाम्रो जस्तो भौगोलिक विविधता भएको मुलुकमा सुख्खा मौसमले विभिन्न प्रकारका समस्याहरु निम्त्याउने गर्दछ, जसमा आगलागी, पानीको अभाव, र स्वास्थ्यसम्बन्धी समस्याहरु प्रमुख हुन्।

सुख्खा मौसममा आगलागी सबैभन्दा विकराल समस्याको रुपमा देखा पर्छन् । हल्का हावाहुरी र सुख्खा पतझडका कारण सानो झिल्कोले पनि ठूलो र विनाशकारी रुप लिन सक्छ। वनजंगलमा लाग्ने डढेलोले जैविक विविधतामा असर पार्नुका साथै मानव बस्तीमा समेत जोखिम निम्त्याउँछ। यसका लागि सामुदायिक स्तरमा जनचेतना फैलाउने, सुख्खा पातपतिङ्गर समयमै सफा गर्ने, र आगलागी नियन्त्रणका लागि आवश्यक उपकरण तथा तालिमको व्यवस्था गर्नु अपरिहार्य छ। साथै, व्यक्तिगत स्तरमा पनि सतर्कता अपनाउनु जरूरी छ। जथाभावी आगो नफ्याँक्ने, चुरोटका ठुटाहरु राम्ररी निभाउने, र खेतबारीमा आगो लगाउँदा सावधानी अपनाउने जस्ता सामान्य कुराहरुले पनि ठूलो क्षति हुनबाट जोगाउन सकिन्छ।

पानीको अभाव सुख्खा मौसमको अर्को प्रमुख चुनौती हो। पानीका स्रोतहरु सुक्दै जाँदा खानेपानी तथा सिँचाइको समस्या विकराल बन्दै जान्छ। यसले कृषि उत्पादनमा ह्रास ल्याउनुका साथै जनजीवन कष्टकर बनाउँछ। पानीको सदुपयोग गर्ने, वर्षाको पानी संकलन गर्ने, र पानीका स्रोतहरुको संरक्षण गर्ने जस्ता उपाय अवलम्बन गर्नु ।

अदालतले नदेखेको जातीय विभेद



मानबहादुर विश्वकर्मा

जब सोती हत्यामा सन्देश दिइएको थियो कि दलितले हाम्रो छोरीसँग विवाह गर्न सक्दैनन् । त्यो चेतनाले सामान्य मानिसलाई हिंसात्मक क्रियामा उक्साउने काम गर्‍यो । तर अदालतले त्यो चेतनालाई देख्न सकेन । यसको कारण भनेको, हाम्रो कानुन र न्यायिक प्रणालीले सामाजिक मनोविज्ञान र ऐतिहासिक उत्पीडनलाई 'ठोस प्रमाण'को रुपमा स्वीकार गर्न सक्दैन ।

नेपालको कानुनी इतिहासमा केही घटना यस्ता छन्, जसले केवल कानुनी विवादलाई मात्र होइन, समाजका गहिरा सामाजिक र सांस्कृतिक संकटलाई पनि उजागर गर्छन् । २०७७ जेठ १० गते, एक दलित युवक नवराज विकको सपना थियो प्रेम विवाह गर्ने । त्यही सपना बोकेर उनले सहयात्री खोज्न सोती गाउँको मार्ग समातेका थिए । उनका साथमा थिए, उनका साथीहरु, अन्य दलित युवकहरु, जो प्रेममा आधारित सामाजिक पहिचानको पर्खाइमा थिए । तर त्यो सपना चाँडै दु:स्वप्नमा परिणत भयो । नवराज र उनका साथीहरुको सामूहिक हत्या गरियो । जातीय घृणाको प्रमाण, ऐतिहासिक उत्पीडन र सामाजिक भेदभावका साक्षी बने ती हत्या घटनाहरु । सोती हत्याकाण्डलाई विश्लेषण गर्दा हामी एक गहिरो र जटिल प्रश्नको सामना गर्छौं । नेपालको कानुनी प्रणाली जातीय विभेदको वास्तविकता बुझ्न र सम्बोधन गर्न सक्षम छ ?

घटनापश्चात् न्यायिक प्रक्रिया सुरू भयो र संसदीय छानबिन समितिले यसलाई जातीय घृणाले प्रेरित घटनाको रुपमा मानेको थियो । २०८० मंसिर २३ गते, जिल्ला अदालतले २३ अभियुक्तलाई जन्मकैदको सजाय सुनायो । यद्यपि, २०८२ वैशाख १५ गते उच्च अदालत सुर्खेतले भने, ती २३ जनाको जन्मकैद कायम राख्दा पनि जातीय विभेदको कसुरमा उनीहरुलाई उन्मुक्ति दियो । अदालतले स्पष्ट रुपमा भन्यो । यो घटना जातीय घृणामा आधारित थिएन । त्यसपछि प्रश्न उठ्यो । के वास्तवमा अदालतले जातीय विभेदलाई देख्न नसकेको हो ?

नेपालको संविधानले जातीय भेदभाव र छुवाछुतलाई अपराध मानेको छ । 'जातीय विभेद र छुवाछुत (कसुर र सजाय) ऐन, २०६८' ले पनि स्पष्ट व्यवस्था गरेको छ । त्यसै अनुसार, सोती हत्याकाण्डमा जातीय विभेदको मुद्दा पनि प्रस्तुत गरिएको थियो । तर उच्च अदालतको निर्णयले जातीय विभेदलाई 'हुलदंगा'का रुपमा व्याख्या गर्‍यो । यसले हाम्रो न्याय प्रणालीको क्षमता र प्रतिबद्धतामाथि गम्भीर प्रश्न उठाएको छ ।

यसका कारणहरु के हुन् ? तिनको उत्तर चारवटा संरचनात्मक समस्यामा लुकेको छ । पहिलो, भौतिक प्रमाणको अभाव, जसको कारण जातीय विभेदका घटनाहरुलाई कानुनी ढाँचामा प्रमाणित गर्न कठिनाइ हुन्छ । दोस्रो, पूर्वाग्रही अनुसन्धान संयन्त्र, जहाँ प्राय: उच्च जातीय पृष्ठभूमिका व्यक्तिहरुले दलित पीडितको पक्षमा सहानुभूति राख्न कठिनाइ महसुस गर्छन् । तेस्रो, कानुनी पहुँचको अभाव, जसका कारण दलित समुदायका व्यक्ति न्यायमा पुग्न सक्दैनन् । चौथो, अदालतका पूर्वाग्रह, जसले जातीय विभेदको मुद्दालाई गम्भीर तासाथ नबुझ्ने अवस्था सिर्जना गर्छ ।

जातीय विभेदको मुद्दा केवल कानुनी प्रक्रिया मात्र होइन, सामाजिक र सांस्कृतिक समस्या हो । त्यसका लागि कानुनी प्रणालीसँगै सामाजिक चेतना र न्यायिक दृष्टिकोणमा परिवर्तन आवश्यक छ । यसका लागि जातीय अनुसन्धान एकाइको गठन, प्रहरी र न्यायाधीशहरुका लागि तालिम र सन्दर्भ प्रशिक्षण, दलित वकिलहरुको समावेशीकरण, नागरिक समाजलाई अनुसन्धानमा सहभागिता गराउनेजस्ता सुधारका कदमहरु तुरून्त चालिनुपर्छ ।

नवराज विकको हत्या केवल एक हत्या थिएन । त्यो एक सामाजिक चेतनाको प्रतिनिधित्व थियो । यो घटनाले समाज र न्यायिक प्रणालीको गहिरो संकटलाई उजागर गर्‍यो ।

जब सोती हत्यामा सन्देश दिइएको थियो कि दलितले हाम्रो छोरीसँग विवाह गर्न सक्दैनन् । त्यो चेतनाले सामान्य मानिसलाई हिंसात्मक क्रियामा उक्साउने काम गर्‍यो । तर अदालतले त्यो चेतनालाई देख्न सकेन । यसको कारण भनेको, हाम्रो कानुन र न्यायिक प्रणालीले सामाजिक मनोविज्ञान र ऐतिहासिक उत्पीडनलाई 'ठोस प्रमाण'को रुपमा स्वीकार गर्न सक्दैन ।

अदालतले जातीय हिंसालाई 'हुलदंगा'का रुपमा देख्नाले हाम्रो न्यायिक प्रणालीको संरचनात्मक समस्याहरुलाई उजागर गर्दछ । यसले केवल एक न्यायिक त्रुटि मात्र होइन, एक सामूहिक उत्पीडन र अन्यायको संकेत गर्दछ ।

जब उच्च अदालत सुर्खेतले सोती हत्यालाई जातीय विभेदको रुपमा मान्न अस्वीकार गर्‍यो, तब यसले दलित समुदायको आत्मसम्मान र अधिकारप्रति न्यायालयको संवेदनशीलतामा गम्भीर प्रश्न उठायो । अदालतले ऐतिहासिक सामाजिक विभेदलाई नकारेको छ ।

यो फैसला समाजको चेतनामा एक गहिरो धक्का हो । जब एक समुदायले न्यायका लागि लामो समयदेखि संघर्ष गरिरहेको हुन्छ र न्यायालयले सो समुदायको संघर्षलाई नकार्दै पुरानो मनुवादी दृष्टिकोणलाई स्विकार्छ, तब त्यो केवल कानुनी गल्ती होइन, एक ठुलो नैतिक संकट हो ।

अब समय आएको छ, नेपालको न्याय प्रणालीले जातीय विभेदलाई केवल कानुनी समस्या मात्र नभई सामाजिक समस्याका रुपमा बुझेको बेला समावेशी र न्यायपूर्ण समाजको निर्माण गर्न सकिन्छ । यद्यपि, अदालतको निर्णय जसरी पनि फर्काउन सकिन्छ, यो कदमले एक ऐतिहासिक सुधारको आवश्यकता जनाउँछ । यदि अदालतले जातीय विभेद र सामाजिक अन्यायको गहिरो बुझाइका साथ निर्णय गरेको भए यो समाजमा समानता र न्यायको एक नयाँ युगको शुरूआत हुन सक्थ्यो ।

यसबाट स्पष्ट हुन्छ कि जातीय हिंसा र भेदभाव केवल कानुनी मुद्दा होइन, त्यो समाजको चेतना र संस्कृतिसँग लड्नुपर्ने चुनौती हो । अब अदालतको निर्णयले केवल नवराज विकको जीवनको मूल्य मात्र होइन, सम्पूर्ण दलित समुदायको अधिकार र आत्मसम्मानको पुन:स्थापना गर्नुपर्छ । न्यायाधीशहरुको अगाडि खडा चुनौती भनेको, जातीय विभेदको अन्त्य गर्नु र समावेशी न्यायको दिशामा ठोस कदम चाल्नु हो ।

सोती नरसंहार कुनै सामान्य आपराधिक घटना होइन, यो घटनाले नेपाली समाजमा गहिरो रुपमा गाडिएको जातीय विभेद, उत्पीडन र राज्य संरचनामित्रै रहेको पक्षपाती सोचलाई नाङ्गो पारेको छ । पीडित पक्षले लामो समयसम्म पाएको अपमान, हिंसा र बाँच्ने अधिकारमाथिको आक्रमण अझै न्यायका नाममा दोहोरिएको छ ।

सुर्खेत उच्च अदालतको पछिल्लो फैसला कानुनभन्दा बढी वर्ण व्यवस्थाको पक्षमा देखिन्छ । जातीय घृणाबाट प्रेरित भएर भएका हत्याहरुलाई गैरजातीय हिंसा भनिदिनु न्याय होइन । यो पीडकमाथिको सहानुभूति र पीडितमाथिको थप अन्याय हो । अदालतबाट यस प्रकारको पूर्वाग्रही फैसला आउनु पीडितहरुमाथि मात्र होइन सम्पूर्ण उत्पीडित समुदायको आत्मसम्मानमाथि प्रहार हो । यस्तो निर्णयले संविधानको मर्म, लोकतान्त्रिक मूल्य र मानव अधिकारका आधारभूत सिद्धान्तमाथि पनि प्रश्न उठाएको छ ।

निष्कर्ष

न्यायका नाममा अन्याय स्वीकार्य छैनअब प्रश्न उठ्छ । के न्यायालय पनि दलितविरोधी संरचनाको हिस्सा बन्न थालेको हो ? के कानुनको व्याख्या मनुस्मृति पढेर गरिन्छ ?

आज यो घटना दलित समुदायको मात्र मुद्दा होइन, सबै नागरिकको चेतनाको मुद्दा हो । यसमा पुनरवलोकन, सार्वजनिक छानबिन र जिम्मेवार समीक्षा नहुन्जेलसम्म राज्यप्रति विश्वास पुन:स्थापित हुन सक्दैन । त्यसैले सुर्खेत उच्च अदालतको फैसला तत्काल सुधार्नुपर्छ । जातीय विभेदको कसुर बदर गर्नुको नालायक तर्कमाथि प्रश्न उठाउनुपर्छ । न्यायका नाममा अन्याय स्वीकार्य छैन । संविधानले सुनिश्चित गरेको समानताको हक, न्यायको हक र सम्मानपूर्वक बाँच्ने हकमा कुनै सम्झौता हुन सक्दैन । नवराज विकको हत्या केवल हत्या थिएन । त्यो सामाजिक चेतनाको उपज थियो । *रातोपाटीबाट*

दुई सस्था मर्ज गरेर ...

पेज १ को बाँकी

तहमा उक्लिएको यस विद्यालयले २०३२ सालदेखि एसएलसी परीक्षा सञ्चालन गरेको थियो । भुटनदेवीले जिल्लाको शैक्षिक उत्थानमा महत्वपूर्ण भूमिका खेल्दै आएको पूर्व स्वास्थ्यमन्त्री विरोध खतिवडा बताउँछन् । यसै विद्यालयका पूर्वविद्यार्थी समेत रहेका खतिवडाले भुटनदेवीमा पढ्न मकवानपुरका मात्र नभई बाहिरी जिल्लाका विद्यार्थी पनि आकर्षित हुने गरेको पुराना दिन सम्झिए ।

भुटनदेवीमा अध्ययन गरेका कमल थापा र खतिवडा मन्त्री बने । दीपकबहादुर सिंह हाल प्रतिनिधिसभा सदस्य छन् । पूर्वसांसद समेत रहेका गणेश थापा पनि भुटनदेवीका पूर्वविद्यार्थी थिए ।

'सुरूवातमा भुटनदेवीको पढाइ अब्बल थियो । बीचमा विविध कारणले विद्यालयको स्तर खस्किंदो थियो । १५ वर्षदेखि पुनः विद्यालयको शैक्षिक गुणस्तर उकासिँदै आएको छ' खतिवडाले भने, 'अहिले प्राविधिक जनशक्ति उत्पादन भइरहेका छन् ।' थप प्राविधिक धारका कार्यक्रमहरु कार्यान्वयन गर्दै जानुपर्ने खतिवडाको सुझाव छ ।

शैक्षिक नतिजाको हिसाबले पनि भुटनदेवी माविं अग्रपंक्तिमा पर्छ । २०७९ र २०८० सालमा कक्षा ८ को नगरस्तरीय परीक्षामा जीपीए ४ ल्याउँदै नगरमै उत्कृष्ट बन्न सफल भएको सहप्रधानाध्यापक वेदराज कोइरालाले बताए । २०८१ को कक्षा ८ को नगरस्तरीय परीक्षामा ४ जनाले जीपीए ४ ल्याएका थिए । ४ जीपीए ल्याउने सामुदायिक विद्यालयमा भुटनदेवी नगरको एक मात्र उत्कृष्ट सामुदायिक विद्यालय बन्यो ।

यो विद्यालय २०८० सालको एसईई परीक्षामा ७४.५४ प्रतिशत विद्यार्थी उत्तीर्ण गराउँदै जिल्लामै प्रथम बन्न सफल भएको थियो । कक्षा १२ मा समेत साधारण र प्राविधिक दुवै धारमा उत्कृष्ट नतिजा आएको कोइरालाले बताए ।

प्रशस्त सम्पत्ति, राम्रो आयस्रोत

विद्यालयको सम्पत्ति प्रशस्तै छ । विद्यालयको जग्गा कुल ८.५ बिघामा रहेको छ । विद्यालयका ९ वटा भवनमा ६१ वटा कोठा छन् । तीमध्ये ४० वटा कोठामा कक्षा सञ्चालन हुँदै आएको छ । प्रशस्त खेलमैदान सहितको यो विद्यालयले आफ्नै आन्तरिक स्रोत परिचालन गरी ७३ वटा सटर निर्माण गरी आम्दानीको स्रोत बनाएको छ । यसबाट प्राप्त आम्दानी विद्यालय निजी स्रोतका शिक्षकको तलब, भौतिक संरचना र शैक्षिक सामग्रीमा खर्च गरिँदै आएको लेखाप्रमुख बालकृष्ण दाहालले जानकारी दिए ।

विद्यालयको आन्तरिक स्रोतबाट वार्षिक आम्दानी ३ करोड २४ लाख ५ हजार रूपैयाँ रहेको विद्यालयले जनाएको छ । बहालबाट मात्रै वार्षिक ७७ लाख ६८ हजार रूपैयाँ संकलन हुने लेखा प्रमुख दाहालले बताए ।

विद्यालयमा नेपाल सरकारको दरबन्दीमा ३७ जना र विद्यालयको आन्तरिक स्रोतमा ३६ जना गरी कुल ७३ जना शिक्षक कर्मचारी कार्यरत छन् । विद्यालय स्रोतबाट नियुक्त कर्मचारीमा योग्यता, दक्षता र पार दर्शितालाई उच्च प्राथमिकता दिइने गरेकाले शैक्षिक गुणस्तर सुधारमा प्रत्यक्ष प्रभाव पारेको सहायक प्रअ कोइराला बताउँछन् ।

शैक्षिक वर्षको सुरूवातमा शिक्षकहरुलाई पाठ्यक्रम, आइटम लेखन, मूल्याङ्कन, आईसीटी, शिक्षण विधि तथा शैक्षिक सामग्री निर्माण सम्बन्धी तालिम, कार्यशाला र सेमिनारमा सहभागी गराउँदै आएको उनले जनाए । विद्यालयमा शिक्षक र कर्मचारीको टीओआर बनाएर कार्यान्वयनमा ल्याइएको छ ।



हरेक तहमा प्रतिवेदन तयार पार्ने र समीक्षा मार्फत सुधारात्मक कदम चाल्ने व्यवस्था लागू गरिएको सहायक प्रधानाध्यापक कोइरालाले बताए । कक्षाका वर्ग शिक्षकले तहगत संयोजकलाई, संयोजकले सहायक प्रधानाध्यापक र सहायक प्रधानाध्यापकले प्रधानाध्यापकलाई हरेक महिनाको प्रतिवेदन पेश गर्नुपर्ने नियम छ । प्रतिवेदनमाथि थप आवश्यक कामकारबाही अगाडि बढाइने गरिएको कोइराला बताउँछन् । भुटनदेवी माविंले पढाइ भन्दा पनि व्यवहार मा परिवर्तन ल्याउने शिक्षामा विश्वास राखेको उनले सुनाए ।



२०८१ को कक्षा ८ को नगरस्तरीय परीक्षामा ४ जनाले जीपीए ४ ल्याएका थिए । ४ जीपीए ल्याउने सामुदायिक विद्यालयमा भुटनदेवी नगरको एक मात्र उत्कृष्ट सामुदायिक विद्यालय बन्यो ।

शिक्षक आन्दोलनको नेतृत्वकर्ता विद्यालय

भुटनदेवी माविं २०३६ सालको पहिलो शिक्षक आन्दोलनको आधार केन्द्र थियो । भुटनदेवीबाट शुरु भएको शिक्षक आन्दोलनकै कारण शिक्षकले पाइरहेको तलब, ग्रेड, सञ्चयकोष, निवृत्तिभरण लगायत सुविधा सम्भव भएको यहाँका पूर्वविद्यार्थी पूर्वमन्त्री खतिवडा बताउँछन् ।

शिक्षकले तीर्थस्थलको रुपमा लिने गरेको भुटनदेवीबाट आन्दोलन शुरु हुँदा समितिका अध्यक्ष बद्रीप्रसाद खतिवडा, उपाध्यक्ष खगेन्द्र संग्रौलालगायत रहेको खतिवडाले स्मरण गरे । बदीप्रसाद खतिवडा तत्कालीन प्रधानाध्यापक थिए । देशभरका शिक्षकको पहिलो भेला यहाँ भएपछि आन्दोलनले गति लिएको थियो । 'भुटनदेवीको भेलापछि ३३ जिल्लामा भेला भएर आन्दोलन अगाडि बढेको थियो', पूर्वमन्त्री खतिवडाले सम्झिए ।

खगेन्द्र संग्रौलाले दुई हप्ता अगाडि एक लेख मार्फत ३०३६ सालमा शिक्षक आन्दोलनमा होमिँदै गर्दाको स्मरण गरेका छन् । 'आन्दोलनको शुभारम्भ भेला हेटौंडामा भयो । निकटवर्ती जिल्लाका शिक्षकहरुको सानो भेला थियो त्यो ।

भेलामा मकवानपुरकाप्रतिनिधि अग्रणी सूत्रधार बद्रीप्रसाद खतिवडा थिए । भक्तपुर र ललितपुरका प्रतिनिधि थिए श्यामकृष्णखमू र सुशीलचन्द्र अमात्य । पाल्पाका प्रतिनिधि यशपाल शाक्य थिए । र, म थिएँ छिमेकी चितवनको प्रतिनिधि', उनले लेखेका छन् ।

भुटनदेवीमा अध्ययन गरेका कमल थापा र खतिवडा मन्त्री बने । दीपकबहादुर सिंह हाल प्रतिनिधिसभा सदस्य छन् । पूर्वसांसद समेत रहेका गणेश थापा पनि भुटनदेवीका पूर्वविद्यार्थी थिए ।

मेघा विद्यालयको अवधारणामा अग्रणी भूमिका

हेटौंडाका दुई पुराना र ठूला सामुदायिक विद्यालयलाई एकीकृत (मर्ज) गरी सञ्चालन गर्ने गृहकार्य अघि बढिसकेको छ ।

मेघा विद्यालय बनाउने योजनाको नेतृत्व गरेको भुटनदेवीले सँगै जोडिएको आधुनिक राष्ट्रिय माविलाई साथमा लिएर प्रक्रिया अगाडि बढाएको हो । दुवै विद्यालयले गत पुस २०८१ म हेटौंडा उपमहानगर



समक्ष एकीकरणका लागि लिखित प्रस्ताव गरिसकेका छन् ।

यी दुवै विद्यालय हेटौंडाको ४ नम्बर वडामा सँगै जोडिएका छन् । बजारको मध्यभागमा रहेका दुवै विद्यालयलाई एउटा पर्खालले मात्रै छेकेको छ । यी दुई विद्यालयसँगै सामुदायिक शैक्षिक संस्था हेटौंडा क्याम्पस छ । वडाध्यक्ष सिग्देलले दुई विद्यालय एकीकृत गरी 'मेघा विद्यालय' बनाउने अवधारणा अगाडि बढाइएको बताए । उनी भुटनदेवी माविं व्यवस्थापन समितिका अध्यक्ष समेत हुन् ।

दुवै विद्यालय एकीकृत गर्दा ५ हजार विद्यार्थी हुनेछन् । आधुनिक राष्ट्रिय माविं पनि उत्कृष्ट नतिजा ल्याउने सामुदायिक विद्यालयमध्ये एक हो । दुई वा दुईभन्दा बढी विद्यालय एकीकृत गरी मेघा विद्यालय सञ्चालन गर्दा प्रशासनिक खर्च कम हुने, गुणस्तरीय शिक्षा दिन सकिने, सामुदायिक विद्यालयप्रतिको विश्वसनीयता बढ्ने, हेटौंडालाई शैक्षिक हबको रुपमा विकास गर्न सकिने वडाध्यक्ष सिग्देल बताउँछन् ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता २०७४ अनुसार:

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन । **त्यसैले** बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मकवानपुरगढी गाउँपालिका

गाउँ कार्यपालिका कार्यालय, मकवानपुर

सिल्ट मिश्रित पानीको निष्कासनका कारण गाडी भासिएको प्रतिवेदन



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडा उपमहानगरपालिका १६ गैरीगाउँमा जमिन भासिएर गाडी हराएको विषयमा खानी तथा भूगर्भ विभागको टोलीले प्रारम्भिक अध्ययनको प्रतिवेदन पेश गरेको छ ।

घटनाको प्रमुख कारण जमिनमुनिको सिल्ट मिश्रित पानीको निष्कासन रहेको देखिएको छ । हाल भासिएको स्थानमा ७ वर्ष अघि खनिएको बोरिङ रहको र बोरिङबाट लामो समयसम्म सिल्ट मिश्रित धमिलो पानी निरन्तर निष्कासित हुँदै आएको देखिएको छ । भूगर्भविद्हरुका अनुसार यही प्रक्रियाले जमिनभित्र ससाना ग्वाङहरु बनाउँदै गएको र अन्ततः जमिनमाथि निरन्तर भार रहँदा त्यो भासिँएर ठूलो खाडलमा परिणत भएको पाइएको छ ।

भूगर्वविद्हरूको अध्ययन नतिजा अनुसार सिन्कहोलको केन्द्रदेखि भासिएको सडकको पूर्वी धागमा ४/७ मिटरको क्षेत्रफलमा उच्च चुम्बकीय असामान्यता देखाएको छ । यो संकेत भासिएको गाडीको सम्भावित स्थानसँग मिल्दोजुल्दो देखिएको भूगर्भविद्हरुले बताएका छन् । अनुसन्धानका क्रममा भूगर्वविद्को टोलिले ८ मिटर गहिराइसम्म फलामे ड्रिलिङ रड धसाएका थिए ।

भासिएको पुरानो सडकको सतहबाट ७ मिटर मुनि रहेको स्थानबाट फलामे ड्रिलिङ रड धसाउँदा ६ मिटर गहिराइमा अबरोध आएपछि सोही गहिराइमा सवारीसाधन भएको अनुमान गरिएको छ। घटना स्थान र आसपासका क्षेत्रबाट संकलन गरिएको माटोको नमूना परिक्षण नतिजा अनुसार अध्ययनले जमिनको अवस्था कमजोर देखिएको छ ।

सिन्क होल बनेको स्थानको माटोको परिक्षणबाट सिल्ट मिसिएको क्ले ५ मिटर गहिरासम्म र त्यसमुनि सिल्ट मिसिएको मसिनो वालुवाको तह रहेको पुष्टि भएको छ । साथै जमिनको सतहभन्दा करिब ५ मिटरमुनि भूमिगत जल सतह रहेको देखिएको छ ।

विशेषज्ञहरुका अनुसार जमिन भासिएको स्थान मित्र रहेको माटोको संरचना खुकुलो र कमजोर भएकाले थप अध्ययन विना एक्स्कामेटर वा क्रेन प्रयोग गरेर गाडी निकाल्न जोखिमपूर्ण हुने बताइएको छ । भूमिगत जल सतह नजिक भएको र जमिनको भारवहन क्षमता कमजोर रहेकाले विस्तृत इन्जिनियरिङ योजना, थप अध्ययन, तथा विशेषज्ञको निगरानीमा मात्र उत्खनन गर्नुपर्ने सुझाव भूगर्वविद्को छ।

घटना स्थल तथा गैरीगाउँ क्षेत्र भएर बग्ने कर्रा खोला आसपास कुनैपनि पूर्वाधार निर्माण गर्दा विस्तृत भौगर्विक अध्ययन गरिनुपर्ने प्रतिवेदनमा उल्लेख छ । अध्ययनको क्रममा भूगर्भीय नक्सा, उपग्रह तस्बिर, र प्रोटोन म्याग्नेटोमिटर लगायत प्रविधिको प्रयोगमार्फत अध्ययन गरिएको थियो ।

वैशाख १९ गते जमिन भासिएर ना ४ च ४८३३ नम्बरको बोलेरो गाडी हराएपछि हेटौंडा उपमहानगरको आग्रहमा भासिएको क्षेत्रको अध्ययनका लागि विभागका जियोलोजिष्ट डा. नारायण अधिकारीको नेतृत्वमा कृष्ण पाण्डे, मणी खनाल र अमर बहादुर थापाको टोली हेटौंडा आएर तथ्यांक तथा नमूना संकलन गरेका थिए । संकलित नमूनाको परीक्षण लैनचौर स्थित खानी तथा तथा भूगर्भ विभागको जियोटेक्निकल प्रयोगशालामा गरिएको थियो ।

रैथाने बाली अनुदानले फर्कायो किसान . . .



फापर उत्पादन गरे ।

उता चौलागाईं चालक बनेपछि हेटौंडा बसाइँ सरेका थिए । पछि पुनः गाउँमै फर्किएर पाँच वर्षअघिसम्म बाँझो रहेको बारी खनजोत गरेर कोदो रोप्न थाले । उनले पहिलो वर्ष ३ रोपनी जमिनमा ५ क्विन्टल कोदो उत्पादन गरेका थिए ।

आर्थिक वर्ष २०८०/८१ बाट पालिकाले फापरको खरिद मूल्य १०० रूपैयाँ पुऱ्यायो र उत्पादनमा दिइने अनुदान ४ बाट १० रूपैयाँ बनाएको छ । त्यसपछि उत्पादन बढाउँदै ३ क्विन्टल भन्दा बढी, अर्थात् ३२० केजी फापर उत्पादन गरेको तिमल्सिना सुनाउँछन् । उनी त्यस वर्ष सबैभन्दा बढी फापर बिक्री गर्ने किसान बनेको गाउँपालिकाको कृषि विकास शाखाले जानकारी दिएको छ ।

गत वर्ष उनले ४ क्विन्टल फापर उत्पादन र बिक्री गरे । 'पहिले व्यपारीले जे मूल्य दिन्थ्यो, त्यही स्वीकार्नु पर्थ्यो । अहिले त गाउँमै प्रतिकिलो १०५ रूपैयाँमा बिक्री हुन्छ,' उनले भने ।

६५ वर्षीय चौलागाईंले पनि यो वर्ष करिब ९ रोपनी जमिनमा कोदो खेती गर्दा ९ क्विन्टल कोदो फल्यो । 'यो वर्ष प्रतिकिलो ६६ रूपैयाँमा बेच्यौं, प्रायः हरेक वर्ष मूल्य बढ्दै आएको छ,' उनी भन्छन्, 'कोदो लगाउन पहिले जस्तो कोदालीले खन्नु पर्दैन । अहिले ट्र्याक्टरले जोतिन्छ । काम गर्ने मान्छे पाइयो भने बाँकी बाँझो बारीमा पनि कोदो लगाउँछु ।'

पालिकाले उत्पादन प्रोत्साहन तथा बजार व्यवस्थापनको कार्य मकवानपुर गढी ४ स्थित अपांग तथा विपन्न कृषि सहकारी संस्था र कृषि समूहमार्फत सञ्चालन गर्दै आएको छ। पालिकाले तोकेको न्यूनतम समर्थन मूल्यमा संस्था र समूहले किसानसँग खरिद गर्छन् ।

उत्पादन प्रोत्साहनस्वरूप दिइने १० रूपैयाँमध्ये ४ रूपैयाँ सहकारी वा समूहले बजार व्यवस्थापन वापत पाउँछन् भने बाँकी ६ रूपैयाँ किसानले पाउने कृषि शाखा प्रमुख गोपाल लम्सालले जानकारी दिए ।

पालिकाले सुरू गऱ्यो, संघ सरकारले सहयोग दियो

पालिकाले पाँच वर्षअघि आन्तरिक स्रोतबाट सुरू गरेको रैथाने बाली प्रवर्द्धन कार्यक्रमलाई संघीय सरकारले सहयोग गर्दै आएको छ । चालु आर्थिक वर्षदेखि प्रदेश सरकारले पनि बजेट विनियोजन गरेको लम्सालले बताए । उनका अनुसार चालु आर्थिक वर्षमा संघ, प्रदेश र स्थानीय तहबाट विनियोजित २१ लाख रूपैयाँ बजेट किसानको माग अनुसार उत्पादनमा विविधिकरण, प्रोत्साहन अनुदान, उन्नत बीउबीजन, आधुनिक कृषि उपकरण, भण्डारण गृह निर्माण, तालिम, रोग कीरा नियन्त्रण तथा परामर्शमा खर्च गरिएको छ ।

उत्पादन लागत कम तथा कृषकलाई आकर्षित गर्न यान्त्रिकीकरण कार्यक्रमअन्तर्गत मिनिटिलर, थ्रेसर, कम्बाइन मिल, स्पेयर पम्पलगायतका सामग्री वितरण गरिएको लम्सालले जानकारी दिए । साथै, कोदो, फापर, धानकोदो, जुनेलो, कागुनो, भटमास आदिको उन्नत बीउ वितरण गरिएको छ । खेती प्रविधि/पद्धति, रोग कीरा व्यवस्थापन, भण्डारण तथा बजारीकरण, रैथाने बालीबाट होटल तथा रेष्टुरेन्टमा बिक्री गर्न सकिने परिकारहरू बनाउने तालिम प्रदान गरी मेला महोत्सवमा प्रदर्शनी समेत गरिएको छ । साना सिंचाइ आयोजनाअन्तर्गत प्लास्टिक पोखरी, कुलो मर्मत तथा निर्माण, मोटर पाइप सिंचाइ, पानीघट्ट सुधारजस्ता गतिविधिहरू सञ्चालनमा छन् भने रैथाने बालीबाट निम्की, बिस्कुट, पाउरोटी लगायत परिकार बनाएर व्यवसायिक बनाउन ओभन समेत वितरण गरिएको कृषि शाखाले जनाएको छ ।

उत्पादनमा निरन्तर वृद्धि

उत्पादन प्रोत्साहन कार्यक्रमअन्तर्गत पछिल्ला तीन आर्थिक वर्षमा कोदो, फापर र जुनेलोको उत्पादन निरन्तर वृद्धि भएको देखिन्छ ।

यस कार्यक्रममा जोडिएर आर्थिक वर्ष २०७९/८० मा ११३ क्विन्टल, त्यसपछिको वर्ष १५० क्विन्टल र चालु वर्षमा करिब १८० क्विन्टल रैथानले बाली उत्पादन भएको कृषि शाखाले जानकारी दिएको छ । यो कार्यक्रमका लागि क्रमशः २६ हजार, १ लाख ५० हजार र चालु वर्षमा २ लाख रूपैयाँ खर्च गरिएको कृषि शाखाको तथ्यांक छ ।

प्रायः पालिकाको सबै वडामा रैथाने बाली खेती हुन्छ । वडा नम्बर १, २, ४, ७ र ८ मा कोदो खेती हुने गर्छ भने वडा नम्बर ६ र ८ लाई फापरको पकेट क्षेत्रका रूपमा चिनिन्छ । हाल करिब ५०० घरधुरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पालिकाको रैथाने बाली प्रवर्द्धन कार्यक्रमबाट लाभान्वित छन् । सुरूमा २०० हेक्टरमा सीमित रैथाने बाली खेती हुन्थ्यो । अहिले करिब ६०० हेक्टरमा विस्तार भइसकेको गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले बताए ।

रैथाने बाली प्रवर्द्धन कार्यक्रमले कोदो फापर जुनेलो जस्ता बालीबाट पनि आम्दानी लिन सकिन्छ भन्ने आत्मविश्वास दिलाएको मकवानपुरगढी गाउँपालिका वडा नम्बर ४ का वडाध्यक्ष अर्जुन तिमल्सिना बताउँछन् । तर, फल लाग्ने समयमा वन्यजन्तुबाट हुने क्षति न्यूनीकरण गर्न पालिकास्तरबाट योजना ल्याउन आवश्यक रहेको उनको भनाइ छ ।

कोदो, फापर, जुनेलो र धानकोदोको उत्पादन बढाउन रैथाने बाली प्रवर्द्धन कार्यक्रमको महत्वपूर्ण भूमिका रहेको अपांग तथा विपन्न सहकारी संस्थाका अध्यक्ष दिलबहादुर योञ्जन बताउँछन् । उनले उत्पादनमा प्रोत्साहन (अनुदान) को दायरा बढाउन सके अन्य स्थानीयस्तरका कम उत्पादन हुने बालीहरूको उत्पादन अझ बढ्ने बताए ।

बजार व्यवस्थापन वापतको अनुदान रकमले उत्पादन खरिद गर्न किनासको घरमा पुग्ने र बिक्रीका लागि हेटौंडा बजारसम्म लैजान सहज भएपनि समर्थन मूल्यको भुक्तानीमा सहकारीलाई मार परेको उनले बताए ।

'खरिद तथा अनुदान भुक्तानी गर्न ऋण लिनुपर्छ । बिक्री रकम आउन ५ देखि ७ महिना लाग्छ । यस अवधिको व्याज भुक्तानीमा समस्या छ,' उनले भने । यदि व्याज भुक्तानीमा सहजीकरण गरियो भने कृषक लाभान्वित हुने र सहकारीलाई आर्थिक मार पर्ने अवस्था हट्ने उनको भनाइ छ ।

पालिकाले रैथाने बाली प्रवर्द्धन कार्यक्रमलाई थप प्रभावकारी बनाउन बिक्री वितरणका लागि 'कोसेली घर' निर्माण, कृषकहरूबीच बीउबिजन साटासाट गर्न 'बीउ बैंक' सञ्चालन, विविधीकरण कार्यक्रमअन्तर्गत कोदोको वाइन उत्पादन गरी बजारमा ल्याउने, उत्पादन प्रोत्साहन अनुदान बढाउने, यान्त्रिकरण तथा तालिम कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिएको छ ।

सहकारीमार्फत 'कालीखोला' ब्रान्डमा कोदो र फापरको पिठो बजारमा ल्याइएको छ । सबैभन्दा उल्लेखनीय पक्ष भनेको विद्यालयको दिवा खाजा कार्यक्रममा हरेक हप्ता एक दिन रैथाने अन्न (कोदो, फापर, जुनेलो, तरूल, पिँडालु, बोडी, सिमी आदि) समावेश गर्ने निर्णय कार्यान्वयनमा ल्याइनु हो । यसले विद्यार्थीहरूलाई पोषिलो खाजा उपलब्ध गराउनुका साथै स्थानीय उत्पादनको खपत बढाउन उल्लेखनीय सहयोग पुऱ्याएको छ ।

उद्योगहरूसँग लिनुपर्ने रकम भुक्तानीको लागि प्रजिअलाई बुझाइयो विवरण

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघले प्रमुख जिल्ला अधिकारीसमक्ष उद्योगहरूसँग लिनुपर्ने रकम भुक्तानीको सहजिकरणका लागि विवरण सहित अनुरोध गरेको छ ।

जिल्लामा रहेका दुग्ध उत्पादक सहकारी संस्थाहरूले दुग्ध विकास संस्थान र निजी डेरी उद्योगहरूले लामो समयसम्म कृषहरूलाई दुग्धको बक्यौता रकम भुक्तानी नगरेकोले केन्द्रीय दुग्ध सहकारी संघले घोषणा गरेको कार्यक्रम अन्तरगत प्रमुख जिल्ला अधिकारीलाई उक्त विवरण पेश गरिएको हो । मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघको सहजीकरणमा देशका बिभिन्न दुग्ध उद्योगहरूले मकवानपुर का सहकारीहरूबाट कच्चा दुग्ध खरिद गर्दै आएकोमा उक्त उद्योगहरूले लामो समयदेखि २२ करोड भन्दा बढी रकम भुक्तानी नगरेको संघका निमित्त व्यवस्थापक दामोदर आधिकारीले बताए ।

गत जेठ २५ गतेदेखि असार ४ गतेसम्म कृषकहरूको दूधको भुक्तानीका लागि गरेको आन्दोलन पश्चात १० बुँदे सम्झौता गरेको थियो । हाल मकवानपुर मा ६२ वटा सहकारी संस्था मार्फत करिब १३ हजार कृषकहरूले दैनिक ८५ हजार लिटर भन्दा बढी दुध उत्पादन गरी संकलन गर्दै मासिक १८ करोड भन्दा बढी रकम आम्दानी गर्दै आएका छन् ।

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८२ जेठ १ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

"विदेशभन्दा स्वदेशमै खुसी छु"

मौरी पालनले जगाएको आशा

सहीखबर संवाददाता

सुरुआतमा व्यवसायमा सोचे जस्तो नहुँदा निराश भएका मुक्तानलाई प्रधानमन्त्री कृषि आधुनिकिकरण परि योजनाले २० घार र कृषि विकास कार्यालयले कृषि उद्यमशीलता कार्यक्रम अन्तर्गत ९० घार सहयोग गरेपछि उनले मौरीपालन व्यवसायलाई अझै प्रभावकारी रुपमा अघि बढाएका छन्।

पूर्वी चितवनको राप्ती नगरपालिकाका ३९ वर्षीय केशव मुक्तान अहिले मौरीपालन व्यवसायमा तल्लिन छन्।

राप्ती ५ का मोक्तान सन् २०१५ मा विदेश गएर विदेशमा सोचे जस्तो राम्रो नभएपछि नेपाल फकिएको र उनी नेपाल आएर मौरीपालन व्यवसायमा लागेका हुन् । उनले करिब ३५ घारबाट सुरू गरेको मौरीपालन व्यवसाय अहिले १३५ घार पुऱ्याएका छन्।

विदेशमा भन्दा काम गर्न सके नेपालमा नै राम्रो गर्न सकिन्छ भन्ने सोचका साथ उनले यो व्यवसाय सुरू गरेका हुन्।



उनले भने, 'अहिले पनि कहिले काहीं कमाउनका लागि विदेश जाउँकी भन्ने मान भए पनि नेपालमा नै कमाउन सकिन्छ भन्ने भएर यो व्यवसाय सुरू गरेको हुँ।'

परिवारले सामान्य रूपमा गर्दै आएको व्यवसायलाई नै सशक्त बनाएर उनले व्यावसायिक रूपमा मौरीपालन गरेका छन्। आरकेएम पशुपंक्षी कृषि फर्म दर्ता गरेर उनले मौरीपालन व्यवसाय सुरू गरेका हुन्। उनले भने, 'नेपालमा केही गर्न सकिन्छ भन्ने युवापुस्तालाई देखाउनका लागि कृषि कर्ममा लागेको हुँ।'

मौरीपालन गर्दा चरनको समस्या हुने गरेको भए पनि त्यसलाई सामना गर्दै अघि बढेको उनले बताए। चरनमा लैजाँदा सामुदायिक वनलाई शुल्क तिर्नुपर्ने बाध्यता रहेको छ।

मौरीले कसैलाई पनि असर नगर्ने भए पनि सामुदायिक वन तथा समुदायले शुल्क लिने चलन हटाउन सके मौरीपालन गर्ने किसानलाई सहज हुने उनको भनाइ छ ।

आफ्नो ससुरा बाले गरेको देखेर उत्साहित भएर मौरीपालन गर्न सुरू गरेका मुक्तानले अहिले वार्षिक एक हजार ९५० किलो मह उत्पादन गर्दै आएका छन्। घार लाई बढाएर १५० पुऱ्याउने योजना उनको रहेको छ।

सुरूआतमा व्यवसायमा सोचे जस्तो नहुँदा निराश भएका मुक्तानलाई प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाले २० घार र कृषि विकास कार्यालयले कृषि उद्यमशीलता कार्यक्रम अन्तर्गत ९० घार सहयोग गरेपछि उनले मौरीपालन व्यवसायलाई अझै प्रभावकारी रूपमा अघि बढाएका छन्।

जिल्ला कृषि विकास कार्यालयका प्रमुख भक्तकनाथ कँडेलले विदेश जाने योजना बनाएका वा विदेशबाट फकिएका युवालाई कृषि कर्ममा लगाउन सके आयातलाई प्रतिस्थापन गर्न सकिने भएकाले कार्यक्रमअन्तर्गत युवाहरूलाई मौरीपालन गर्न सुरू गरेका मुक्तानले अहिले सम्मेटिएको बताए।

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

घटना भएको ३५ दिन भित्र सम्बन्धित वडामा घटना दर्ताको गर्नको लागि सबैलाई अनुरोध छ ।

थाहा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय मकवानपुर

युवा सम्मेलन:

१० बुँदे घोषणा पत्र जारी

सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडामा भएको प्रदेश युवा सम्मेलन १० बुँदे घोषणापत्र जारी गर्दै समापन भएको छ ।

'सिर्जनशीलता र उद्यमशीलता प्रवर्धन: बागमतीमा युवा सशक्तीकरण' भन्ने नाराका साथ सुरू युवा सम्मेलनले प्रदेशको समृद्धि र सुशासनका लागि युवालाई निर्णायक शक्ति बनाउने संकल्प सहितको १० बुदे घोषणापत्र जारी गरेको छ ।

२८ बैशाखबाट सुरू सम्मेलनको अन्तिम दिन मंगलबार परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौंलागाईद्वारा जारी घोषणापत्रमा भनिएको छ 'प्रदेशको नीति निर्माण, नवप्रवर्तन र उद्यमशिलतामा युवाको अर्थपूर्ण सहभागिता हुनुपर्छ ।' घोषणापत्रमा तीन तहका सरकार हरुबीच समन्वय गरी युवा परियोजना बैंक स्थापनाको माग गरिएको छ ।

त्यस्तै, नीति निर्माणदेखि बजेट, कानुन मस्यौदासम्म युवाको अनिवार्य सहभागिता सुनिश्चित गर्नुपर्ने माग गरिएको कार्यकारी उपाध्यक्ष चौंलागाईले बताए । स्थानीय तहमा स्थानीय युवा परिषद् गठन गरी युवामैत्री नीति र बजेट निर्माण गर्न आवश्यक रहेको घोषणापत्रमा जनाइएको छ ।

घोषणापत्रले युवा सीप वर्धलाई निरन्तरता दिँदै त्यसलाई उद्यम, बजारीकरण र लगानीसँग एकीकृत रुपमा जोड्नुपर्ने धारणा राखेको छ ।

कृषि नवप्रवर्तन कोष स्थापना गरी युवालाई कृषि क्षेत्रमा आकर्षित गर्ने, स्मार्ट फार्मिङ र एग्रोस्टार्टअपलाई प्रवर्द्धन गर्ने, कृषिमा डिजिटल प्रविधिको प्रयोग अनिवार्य गरिनुपर्ने र कृषि उद्यम गर्न चाहने गरेका विद्यार्थी प्रमाणपत्रको अधार मा कर्जा प्रवाह गरिनुपर्ने घोषणापत्रमा उल्लेख गरिएको छ ।

प्रदेश सरकारका सबै सेवा प्रणालीहरुलाई चरणबद्ध रुपमा डिजिटल प्रणालीमा रुपान्तरण गर्दै युवामैत्री डिजिटल सरकारको अभ्यास सुरू गर्नुपर्ने घोषणापत्रमा उल्लेख गरिएको छ ।

त्यस्तै, पछिल्लो समय युवाबीच बढ्दो मानसिक तनावलाई सम्बोधन गर्न प्रदेशभर मानसिक स्वास्थ्य परामर्श केन्द्र, विद्यालय तथा कलेजहरुमा साइको सोसल सपोर्ट सिस्टम र २४ सै घण्टा उपलब्ध हुने हेल्पलाइन सेवा स्थापना गर्न प्रदेश सरकारलाई आग्रह समेत गरिएको छ।

साहित्य, संगीत, डिजिटल कला, लोक शिल्प र चलचित्र निर्माण जस्ता विधामा संलग्न युवालाई प्रदेशस्तरीय पुरस्कृत गर्ने कार्यक्रम ल्याउन प्रदेश सरकार समक्ष माग गरिएको छ ।

१० बुँदामा के के छ ?

१. युवाहरूमा रहेको नविनतम सोचलाई आर्थिक लाभसँग जोड्नका लागि तीनवटै तहको सरकारको समन्वय र निजी क्षेत्रमा सहकार्यमा युवा परियोजना बैंकको स्थापना गरियोस् । युवा परियोजना बैकमा छनोट भएका परियोजनाहरूमा सरकारको तर्फबाट बीउ पुँजी र बिना धितो सहुलियतपूर्ण कर्जाको व्यवस्था गरियोस् ।

२.गुणस्तरीय, व्यावसायिक, जीवन उपयोगी तथा नवप्रवर्तनमा आधारित शिक्षाका लागि आवश्यक औपचारिक र अनौपचारिक शिक्षा प्रणाली विकास गरी सबै स्थानीय तहमा विकास गर्नुपर्छ । 'इनक्युबेसन सेन्टर' 'स्टार्टअप हब', र 'नवप्रवर्तन मेला' जस्ता अभियानहरुलाई प्रोत्साहन गर्दै युवाले सिर्जना गरेका विचारलाई नीति, पूँजी र प्रविधिमा रुपान्तरण गर्ने संरचनाको माग गर्दछौं ।

३. बागमती प्रदेशको कुल जनसंख्याको ४५.४ प्रतिशत युवा छन् । देशका सबै तहहरूको नीति निर्माण तहमा युवाहरूको अर्थपूर्ण सहभागिता वृद्धि गरिनुपर्दछ । प्रदेशका नीति निर्माण प्रक्रिया (बजेट, योजना, कार्यक्रम, नीति मस्यौदा, कानुन निर्माण) मा युवा प्रतिनिधित्व अनिवार्य सुनिश्चित गरिनुपर्छ ।

४. जनताको नजिकको सरकारको रूपमा रहेको स्थानीय सरकारको योजना, नीति तथा कार्यक्रम र बजेट निर्माण तथा कार्यान्वयनमा युवाहरूको अर्थपूर्ण र प्रभावकारी सहभागितामार्फत युवामैत्री नीति र बजेट तयारी गरियोस्। स्थानीय तहमा युवाहरूको प्रतिनिधित्वलाई संस्थागत गर्न सबै स्थानीय तहमा स्थानीय युवा परिषद् गठन गरियोस् ।

५. प्रदेश युवा परिषद्, बागमतीको आग्रहमा बागमती प्रदेश सरकारले घोषणा गरेको 'युवा सीप बर्ष २०८१' का कार्यक्रमलाई आगामी बर्ष समेत निरन्तर रूपमा सञ्चालनको व्यवस्था गरियोस् । सीपमूलक तालिमसँगै उद्यम सञ्चालन, बजारीकरण, लगानी पहुँच, प्राविधिक परामर्श र अनुगमनलाई जोडेर एकीकृत ढाँचामा सञ्चालन गरियोस् । सीपमा आधारित स्वरोजगारको लागि अनुदान, सहुलियत ऋण र सहकारी प्रणालीलाई कार्यान्वयन गरियोस् ।

६. जलवायु परिवर्तनका प्रत्यक्ष र अप्रत्यक्ष असरहरुले आजका युवाको स्वास्थ्य, जीविकोपार्जन र भविष्यप्रतिको आशामा गम्भीर असर पुऱ्याइरहेको छ । बागमती प्रदेश सरकारले जलवायु संकटलाई सम्बोधन गर्न वातावरण संरक्षण, हरित रोजगारी (न्यूनभमल व्यूद)को सिर्जना र जलवायु न्याय सुनिश्चित गर्ने विषयमा युवाको नेतृत्वमा आधारित कार्यक्रमहरुलाई प्राथमिकताका साथ सञ्चालन गरियोस् । युवाले नेतृत्व गरेका 'ग्रीन इनोभेसन' र 'सस्टेनेबल स्टार्टअप' मा लगानी सहज बनाउन सार्वजनिक(निजी साझेदारीको माध्यमबाट पहुँच वृद्धि गरियोस् ।

७. कृषिलाई आत्मनिर्भर मात्र होइन, निर्यातको माध्यम बनाउन कृषिमा युवाहरूलाई आकर्षित गर्न आवश्यक छ । आधुनिक कृषि प्रविधि, स्मार्ट फार्मिङ, र एग्रो(स्टार्टअपका लागि युवा लक्षित 'कृषि नवप्रवर्तन कोष' स्थापना गरिनुपर्छ । कृषि विषय अध्ययन गरेका युवाहरूका लागि कृषि उद्यम र कृषि अनुसन्धानका लागि शैक्षिक प्रमाणपत्रका आधारमा कर्जाको प्रबन्ध गरियोस् । कृषिमा डिजिटल प्रविधि, मौसम पूर्वानुमान, बीमा प्रणाली र सहुलियत ऋण अनिवार्य गर्नेगरी आगामी वर्षको बजेट विनियोजन गरियोस् ।

८. बागमती प्रदेश सरकारले डिजिटल साक्षरतामा जोड दिँदै विद्यालय तहदेखि नै कम्प्युटर शिक्षा, कोडिङ, कृत्रिम बौद्धिकता, र डिजिटल उद्यमशीलताको तालिमहरु सञ्चालन गरियोस् । साइबर सुरक्षा, डेटा गोपनीयता, डिजिटल नागरिकता, र डिजिटल अधिकारबारे व्यापक जनचेतना अभियान सञ्चालन गरी प्रत्येक स्थानीय तहमा डिजिटल पूर्वाधारको विकास, इन्टरनेट पहुँच, र प्रविधि प्रयोगको अवसर सुनिश्चित गर्न प्रदेश सरकारको प्राथमिकता हुनुपर्दछ ।

९. बागमती प्रदेश धार्मिक र साँस्कृतिक रूपमा धनी प्रदेश हो । आधुनिक प्रविधिको सदुपयोग गर्दै संस्कृति संरक्षण, सिर्जनात्मक लेखनमा लागि थ्यगतज ब्वत ७ ऋगतिगचभ ँगलम को स्थापना गरी साहित्यिक लेखन, फिल्म निर्माण, संगीत, डिजिटल कला, फोटोग्राफी, लोक कला र परम्परागत शिल्पजस्ता विधामा संलग्न युवालाई प्रवर्द्धन गर्ने कार्यक्रम ल्याइयोस्। प्रदेशस्तरीय Youth Creative Lab सञ्चालन गरी युवाहरुको सिर्जनात्मक क्षमतालाई प्रशिक्षण, उपकरण, सञ्जाल र प्रस्तुतीकरणको अवसरमार्फत अभिव्यक्त गर्न सहज वातावरण निर्माण गरियोस् ।

१०. पछिल्लो समयमा मानसिक स्वास्थ्यको अवस्था थप जटिल बन्दै गएको परिप्रेक्षमा बेरोजगारी, प्रतिस्पर्धा, पारिवारिक र सामाजिक अपेक्षा, डिजिटल दबाव र प्रवासी जीवनशैलीका कारण धेरै युवा मानसिक तनाव तथा चिन्ताको सामना गरिरहेकाले मानसिक स्वास्थ्यलाई प्राथमिक स्वास्थ्य सेवामा समावेश गरी प्रदेशमा युवा लक्षित 'मानसिक स्वास्थ्य परामर्श केन्द्र', विद्यालय तथा कलेजस्तरमा 'साइको(सोसल सपोर्ट सिस्टम', ढोलमै आधारित Peer Support Mechanism र २४ सै घण्टा उपलब्ध 'हेल्पलाइन सेवा' स्थापना गरियोस् ।

बकैयामा हर्दा खहरे बोरिङ सिंचाइ आयोजना संचालनमा



○सहीखबर संवाददाता

मकवानपुर । मकवानपुको बकैया गाउँपालिकामा बोरिङ सिंचाई आयोजना संचालनमा आएको छ

बागमती प्रदेश सरकारको सहयोगमा निर्माण भएको बकैया ७ स्थित हर्दा खहरे बोरिङ सिंचाई आयोजनाको बुधबार उद्घाटन गरेसँगै संचालनमा आएको हो ।

आयोजनाको नेपाली काँग्रेसकी सहमहामन्त्री एवम् पूर्व जलश्रोत राज्यमन्त्री महालक्ष्मी उपाध्याय डिना र प्रदेश खानेपानी उर्जा तथा सिँचाईमन्त्री श्याम बहादुर खड्काले संयुक्त उद्घाटन गरेका हुन् ।


नेपाली कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना' ले रासायनिक मलको कारण माटोको उर्वराशक्ति ह्रास हुँदै गएकोले रासायनिक मलको विकल्प खोज्न आवश्यकता रहेको बताइन् । 'जल र मलको संयोजन मिलाउन सके कृषि उत्पादनमा उल्लेख्य वृद्धि गर्न सकिन्छ' उनले भनिन् । स्थानीय सरकारले जैविक मलमा अनुदानको व्यवस्था गर्नुपर्ने उनले बताइन् ।

प्रदेशका खानेपानी ऊर्जा तथा सिँचाईमन्त्री खड्काले प्रदेशमा रहेका उर्वर जमिनमा मल, जल, बीउ र सिँचाइको व्यवस्था गरेर रोजगारी सिर्जना गर्न सकिने बताए । 'नेपालमै रोजगारीको वातावरण बनाउन कृषि क्षेत्रको उत्पादकत्व बढाउनु पर्छ' उनले भने । मन्त्री खड्काले बेतेनीदेखि रक्सिराङसम्मको क्षेत्रमा अझै पनि खानेपानीको चरम अभाव रहेको बताए । निर्वाचित निप्रतिनिधिहरुले दलभन्दा माथि उठेर जनताका लागि काम गर्नुपर्ने मन्त्री खड्काले बताए । मन्त्री खड्काले अब ग्राउन्ड रिचार्ज प्रणालीको आवश्यकता बताए ।

कुल ३६ लाख लागतमा सम्पन्न आयोजनाबाट बकैयाका १५ बिगाहा क्षेत्रफल जमिनमा सिंचाई सुविधा उपलब्ध हुने छ । १० हर्जपावर क्षमताको पम्पमार्फत ८ लिटर प्रति सेकेन्ड पानी प्रवाह गर्न सक्ने क्षमता राख्ने भूमिगत सिंचाई आयोजना प्रमुख केशव जैशीले बताए । हर्दाका स्थानीय आकाश पानीको भरमा वर्षको एकबाली मात्रै खेती गर्दै आएका थिए । बोरिङको व्यवस्था भएपछि वर्षभर खेती गर्न पाउने भएकाले उत्साहित बनेका छन् ।

सिंचाई उपभोक्ता समितिका अध्यक्ष तोत्रप्रसाद बोलखेको सभाध्यक्षतामा भएको उद्घाटनमा बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछाने, नेपाली कांग्रेसका नेता आनन्दराम पराजुली, पूर्व पालिका अध्यक्ष दामोदर खनाललगायतको उपस्थिती थियो ।

मनहरीमा चैते धानको परीक्षण



○सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको मनहरी गाउँपालिकामा धानको नयाँ तथा हाइब्रिड प्रजातीको परिक्षण थालिएको छ ।

उन्नत तथा स्वदेशी 'हाइब्रिड' जात अध्ययन परीक्षण तथा प्रविधि अनुशरणको लागि यहाँ चैते धान लगाइएको हो । कृषि विकास कार्यालयले मकवानपुरको मनहरीमा विभिन्न ६ प्रजातिका चैतेधानको परीक्षण गरेको जानकारी दिएको छ।

कार्यालयकी सूचना अधिकारी सुरूची त्रिपाठीका अनुसार उन्नत तथा स्वदेशी 'हाइब्रिड' जात अध्ययन परीक्षण तथा प्रविधि अनुशरण कार्यक्रमअन्तर्गत मनहरीमा चैतेधानको परीक्षण गरिएको हो।

कार्यालयबाट आलु र मकै पनि परीक्षण भएको छ। चितवनको कालिका नगरपालिकामा मकैको परीक्षण जारी छ भने खैरहनी नगरपालिकामा आलुको परीक्षण भइसकेको छ।

मनहरीमा हर्दिनाथ हाइब्रिड १, हर्दिनाथ १, ५, चैते ५, सुक्खा ३ र ३ जातको परीक्षण गरिएको हो । कुन जातको चैतेधान कति उत्पादन हुन्छ भनेर परीक्षण गरिएको जनाइएको छ।

परीक्षणका क्रममा रासायनिक मल, विषादी, प्राङ्गारिक मल, विषादीको प्रयोग पनि परीक्षण गरिएको छ। मल विषादीसँगै पानीको प्रयोग कति गर्दा उत्पादनमा हुने परिवर्तनबारे पनि अध्ययन भएको छ।

चितवनको खैरहनी नगर पालिकामा चैते ५ मा नाइट्रोजन परीक्षण गरिएको थियो । नाइट्रोटनको मात्राअनुसार धानमा आउने परिवर्तन अध्ययन गर्न परीक्षण गरिएको हो।

नाइट्रोजनको प्रयोगले धानको गाँज, उचाइ र उत्पादनबार जानकारी हुने सूचना अधिकारी त्रिपाठीले बताए।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौ ।
पानीको मुहान/स्रोत संरक्षण गरौं ।
● सहीखबर साप्ताहिक

बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय, हेटौडाद्वारा
जनहितमा जारी सन्देश

❖ सवारी चालक अनुमति पत्र भएकाले मात्र सवारी चलाऔं ।
❖ तोकिएको अवधि भित्र सवारी चालक अनुमति पत्र तथा सवारी दर्ता प्रमाण-पत्र नविकरण र सवारीकर बुझाई जरिवानाबाट बचौं ।
❖ भारवहन क्षमता भन्दा बढी वजन/ सिट संख्या भन्दा बढी यात्रु राखी सवारी नचलाऔं
❖ सार्वजनिक सवारीले जाँचपास तथा मार्ग इजाजत पत्र लिएर मात्र सवारी चलाऔं ।
❖ सवारी सँग सम्बन्धित आवश्यक कागजात साथैमा राखौ ।

कार्यालय प्रमुख

मनसुनजन्य विपद्बाट बच्ने उपाय

☞ आपतकालीन अवस्थामा चाहिने सामग्री सुरक्षित रुपमा भण्डारण गरौं,
☞ बाढीको सम्भावना भएको बेला सतर्क बनौं र सुरक्षित स्थानमा सरौं, पहिरो सम्भावित क्षेत्रमा सकेसम्म यात्रा नगरौं,
☞ घर बनाउँदा सुरक्षित स्थान, संरचना र प्रविधिको प्रयोग गरौं,
☞ आपतकालीन झोला (औषधि, पानी, टर्च, सञ्चारका साधनसहित) तयार राखौं,
विपद् पूर्वतयारीसम्बन्धी तालिममा सहभागी बनौं,
☞ विपद्पछि भ्रम र डर नफैलाऔं, आधिकारिक सूचना मात्र अनुसरण गरौं,
☞ सामूहिक सहयोग, सजगता र तयारीले मात्र विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड